# निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति : कार्यान्वयन विश्लेषण

गोविन्दप्रसाद अर्याल
उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी,

**लेखसार**

विद्यार्थी मूल्याङ्कन शैक्षिक प्रणालीको अभिन्न अङ्ग हो । विद्यार्थीले हासिल गरेको उपलब्धि मूल्याङ्कनबाट निरपेक्ष रूपमा विद्यार्थीको मात्र मूल्याङ्कन नभई समग्र शिक्षा व्यवस्थाको मूल्याङ्कनका रूपमा लिनुपर्नेमा कुनै दुई मत नहोला । विद्यार्थी, शिक्षक, पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक लगानी, शैक्षिक नीतिलगायत समग्र पक्षको मूल्याङ्कनका रूपमा विद्यार्थी उपलब्धिको मूल्याङ्कनलाई लिने हो भने मात्र वास्तविक मूल्याङ्कन हुन सक्छ । मूल्याङ्कनको उद्देश्य प्राप्त र पुरा हुन सक्छ । समग्र शैक्षिक वातावरण र शैक्षिक गतिविधिको उपज वा उपलब्धि नै विद्यार्थी उपलब्धि वा विद्यार्थीमा आर्जित ज्ञान, सिप, सिर्जना र अभिवृत्ति हो ।

शिक्षामा गुणस्तर सुधारको  महत्त्वपूर्ण रणनीतिका रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन र प्रभावकारिता अभिवृद्धिका लागि यस अवधिमा थुप्रै बजेट व्यवस्था भए, केन्द्र/क्षेत्र/जिल्ला/स्रोत केन्द्र तहमा प्रशस्त तालिम सञ्चालन भए, प्रशस्त स्रोत सामग्री तथा सन्दर्भ सामग्रीहरू प्रकाशन र वितरण भएका छन्, निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन सम्बन्धी अध्ययन गर्न प्रशस्त अनुगमन भएका छन्, प्रशस्त अनुसन्धान भएका छन् र सुझाव प्रस्तुत भएका पनि छन् ।

नियमित, व्यवहारिक, वास्तविक मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण र सिकाइ सहयोग प्रदान गर्दै बालबालिकाहरूलाई सिकाइप्रति उत्प्रेरणा जगाउने, विद्यालयप्रति सकारात्मक भावना जागृत गर्ने, भविष्यप्रति आशावादी हुन सिकाउने, बाल मैत्री शिक्षण, बाल मैत्री मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कन, निरन्तर पृष्ठपोषण प्रदान गर्ने निरन्तर विद्यार्थी मूल्याङ्कन प्रशस्तै लगानी र प्रयासका वावजुद प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयनका उल्लिखित औचित्य, उद्देश्य, प्रशस्त लगानी एवं व्यवस्थापन प्रयासका बाबजुद विद्यालय तहमा कार्यान्वयनमा लक्ष्यअनुरूपको परिवर्तनको अवस्था देख्न नसकिएको तितो यथार्थ रहेको छ । यसै सन्दर्भमा यस लेखमा जिल्ला एवं विद्यालय स्तरमा कार्य अनुभवको आधारमा निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिको कार्यान्वयन अवस्थाको विश्लेषण गर्ने प्रयास भएको छ ।

मुख्य शब्दावली (Keywords)

निरन्तर विद्यार्थी  मूल्याङ्कन (Continuous Assessment System), उदार कक्षोन्नति (Liberal Promotion)

## विषय प्रवेश

विद्यार्थी मूल्याङ्कन शैक्षिक प्रणालीको अभिन्न अङ्ग हो । विद्यार्थीले हासिल गरेको उपलब्धि मूल्याङ्कनबाट निरपेक्ष रूपमा विद्यार्थीको मात्र मूल्याङ्कन नभई समग्र शिक्षा व्यवस्थाको मूल्याङ्कनका रूपमा लिनुपर्नेमा कुनै दुई मत नहोला । विद्यार्थी, शिक्षक, पाठ्यक्रम, शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक लगानी, शैक्षिक नीतिलगायत समग्र पक्षको मूल्याङ्कनको रूपमा विद्यार्थी उपलब्धिको मूल्याङ्कनलाई लिने हो भने मात्र वास्तविक मूल्याङ्कन हुन सक्छ । मूल्याङ्कनको उद्देश्य प्राप्त र पुरा हुनसक्छ । समग्र शैक्षिक वातावरण र शैक्षिक गतिविधिको उपज वा उपलब्धि नै विद्यार्थी उपलब्धि वा विद्यार्थीमा आर्जित ज्ञान, सिप, सिर्जना र अभिवृत्ति हो ।

**राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ मा उल्लेख भएबमोजिमको विद्यार्थी मूल्याङ्कन व्यवस्था (पाविके, पृ.४०)**

- विद्यार्थीको मूल्याङ्कन गर्दा कक्षा कार्य, योजना कार्य, सामुदायिक कार्य, एकाइ परीक्षा, उपलब्धि परीक्षा, त्रैमासिक परीक्षा, अवलोकन, रचनात्मक तथा प्रवर्धनात्मक कार्य जस्ता साधन प्रयोगमा ल्याइनेछ ।
- विद्यार्थीले कक्षागत सिकाइ उपलब्धिहरू पुरा गरे नगरेको, उनीहरूको व्यवहार, प्रवृत्ति, क्षमता, सिपमा अपेक्षित परिवर्तन आए नआएको र शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तर पृष्ठपोषण प्राप्त गरे नगरेको एकीन गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिमा जोड दिइने छ ।
- विद्यार्थीहरूको विद्यमान औपचारिक प्रणालीमा आधारित मूल्याङ्कन व्यवस्थाले विद्यार्थीको चौतर्फी क्षमताको विकास गर्न नसकेको देखिन्छ । यस पक्षलाई सम्बोधन गर्न अक्षराङ्क मूल्याङ्कन पद्धतितर्फको उन्मुखता आवश्यक देखिन्छ ।

सबैका लागि शिक्षा कार्यक्रमले प्राथमिक शिक्षाको गुणस्तर अभिवृद्धिको उद्देश्य प्राप्तिका लागि विभिन्न रणनीतिहरू अपनाएको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले मूल्याङ्कन प्रक्रियामा सुधार गर्ने विभिन्न आधारमध्ये निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाउने उल्लेख गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरे बमोजिम कक्षा १-३ मा १०० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन, कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षा, कक्षा ६-७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षाको आधारमा निर्णयात्मक मूल्याङ्कन गर्ने प्रावधान रहेको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनबाट सरल र व्यवहारिक रूपमा विद्यार्थी उपलब्धिको मूल्याङ्कन गरी विद्यार्थीको रुचि, क्षमता र आवश्यकता अनुरूप सिकाइ सहयोग र पृष्ठपोषण प्रदान गर्दै उदार कक्षोन्नति प्रणालीको कार्यान्वयन मार्फत शैक्षिक क्षति कम गर्न र गुणस्तरीय शिक्षा व्यवस्थापनमा सघाउ पुऱ्याउन निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।

## विषय वस्तुको विश्लेषणात्मक विस्तार

सबैका लागि शिक्षा कार्यक्रमले प्राथमिक शिक्षाको गुणस्तर अभिवृद्धिको उद्देश्य प्राप्तिका लागि विभिन्न रणनीतिहरू अपनाएको थियो । जस अन्तर्गत पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि प्राप्तिलाई एउटा प्रमुख पक्ष मानिएको थियो । शिक्षक विद्यार्थीको नियमित उपस्थिति र नियमित कक्षा सञ्चालन, सिकाइलाई व्यावहारिक र दिगो साथै लक्षित सिकाइ उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउन र पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि विद्यार्थीहरूमा हासिल भए नभएको सरल रूपमा जानकारी लिने उद्देश्यले शिक्षकले सिकाइ उपलब्धि मापनको स्पष्ट सूचक प्रयोग गर्ने आधार तय गरी सोका आधारमा विद्यार्थी मूल्याङ्कन, पृष्ठपोषण, विशेष सिकाइ सहयोग प्रदान गर्ने

**प्राथमिक शिक्षा पाठ्यक्रम अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कनको आधार (पाविके, पृ.१८९, www.moescdc.gov.np)**

**निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी अभिलेख प्रक्रिया**

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियाको मुख्य उद्देश्य पठन पाठनसँगै विद्यार्थीहरूको सिकाइको स्तर पत्ता लगाई कम सिकेका विद्यार्थीहरूका लागि सुधारात्मक शिक्षण वा व्यक्तिगत रूपमा विशेष ध्यान दिई सिक्न प्रोत्साहन गर्नु हो । यस मूल्याङ्कन प्रक्रियामा निम्नानुसार विद्यार्थीहरूको प्रगति अभिलेख राख्नुपर्नेछ :

१. पाठगत आधारमा विद्यार्थीले कक्षामा सिकेका कुरालाई अनुसूची १ अनुसारको फाराममा तोकिएका मापदण्डका आधरमा एकदेखि तिन ओटासम्म रेजा (√) चिह्न लगाउने ।

२. अतिउत्तम सिकेकालाई तिन ओटा रेजा (√√√), उत्तम सिकेकालाई दुई ओटा रेजा (√√) र सामान्य सिकेकालाई एउटा रेजा (√) दिने ।

३. प्रत्येक पाठमा रेजा दिनका लागि निम्नलिखित मापदण्डलाई आधार मान्ने :

| **क्र.सं.** | **मापदण्ड** | **अतिउत्तम** | **उत्तम** | **सामान्य** |
|---|---|---|---|---|
| (क) | कक्षा कार्य (कक्षा सहभागिता) | √√√ | √√ | √ |
| (ख) | परियोजना कार्य | √√√ | √√ | √ |
| (ग) | व्यवहार परिवर्तन | √√√ | √√ | √ |
| (घ) | सिर्जनात्मक कार्य | √√√ | √√ | √ |
| (ङ) | हाजिरी | √√√ | √√ | √ |

४. पाठगत आधारमा रेजा दिइसकेपछि हेरक त्रैमासिकमा रेजाका आधारमा विद्यार्थीहरूलाई निम्न लिखित तरिकाले क, ख, ग श्रेणीमा छुट्याउने

- ७० प्रतिशतदेखि १०० प्रतिशतसम्म - **क** श्रेणी
- ४० प्रतिशतदेखि७० प्रतिशतसम्म - **ख** श्रेणी
- ४० प्रतिशतभन्दा तल - **ग** श्रेणी

५. पाठगत रेजाहरूको प्रतिशत निकाल्ने तरिका :

सूत्र : रेजा प्रतिशत = विद्यार्थीले पाएका जम्मा रेजा ×१००
जम्मा पढाइ भएका पाठ सङ्ख्या × ३

उदाहरण :१ कुनै एक विषयमा प्रथम त्रैमासिकसम्म पढाइ भइसकेका पाठ सङ्ख्या = ६

कुनै एउटा विद्यार्थीले उक्त विषयमा प्राप्त गरेको रेजा सङ्ख्या = १५

सूत्रअनुसार हिसाब गर्दा रेजा प्रतिशत = १५×१००
६×३

उक्तविद्यार्थीको रेजा प्रतिशत = ८३.३ %

त्यसकारण उक्त विद्यार्थीको श्रेणी **क** भयो ।

द्रष्टव्यः माथिको प्रक्रियाबाट ख र ग श्रेणी पनि निकाल्न सकिने ।

६. पाठगतरूपमा सिकेका कुरा मूल्याङ्कन गर्दा पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरू पुरा भए नभएको हेर्नुपर्नेछ ।

७. निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम नं. २ (अनुसूची २) मा पाठगत निरन्तर विद्यार्थी मूल्याङ्कनको रेजालाई बुँदा नं. ४ अनुसार **क, ख, ग** श्रेणीमा र लिखित तथा मौखिक उपलब्धि मापनको अङ्कसाथ राख्ने व्यवस्था गर्नुपर्नेछ ।

८. अनुसूची १ र २ अनुसारको सिकाइ अभिलेख फाराम विद्यालय आफैँले तयार गर्नुपर्नेछ ।

पृष्ठभूमिमा कक्षा, विषय र त्यसका निर्दिष्ट सिकाइ उपलब्धिको सूची सहितको रुजु सूची सहितको फाराम BPEP II को कार्यान्वयनको क्रममा तयार गरिएको थियो । Whole School Approach Teacher Training (BPEP II) को क्रममा सबै विद्यालयका सबै प्राथमिक तहका शिक्षकहरूलाई एक साथ विभिन्न प्रभावकारी शैक्षणिक कार्यहरू सम्बन्धमा आवश्यक ज्ञान, सिप, दक्षता हासिल एवं आदान प्रदान गर्न र कार्यान्वयनमा प्रतिबद्धता व्यक्त गर्ने अवधारणाका साथ सञ्चालन गरिएको थियो । Whole School Approach Teacher Training को क्रममा शिक्षकलाई शिक्षणको क्रममा पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि विद्यार्थीहरूमा हासिल भए नभएको रुजु गर्न, मापन गर्न र तोकिएको न्यूनतम् सिकाइ उपलब्धि हासिल गराउन आवश्यक सहयोग र पृष्ठपोषण प्रदान गर्न सहज होस् भन्ने उद्देश्यले प्राथमिक तहका सबै कक्षाका, सबै विषयका सिकाइ उपलब्धिहरूलाई निश्चित ढाँचामा तयार गरी विद्यार्थी सङ्ख्याका आधारमा एक शैक्षिक सत्रभरि प्रयोग गर्न पुग्ने सङ्ख्यामा पाठ्यक्रम विकास केन्द्रमार्फत वितरण गरिएको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ ले मूल्याङ्कन प्रक्रियामा सुधार गर्ने विभिन्न आधारमध्ये निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति अपनाउने उल्लेख गरेको छ । नियमित रूपमा विद्यार्थीहरूको मूल्याङ्कन गर्ने, निर्दिष्ट सिकाइ उपलब्धि प्राप्त भए नभएको मापन गर्ने, विद्यार्थीहरूको सिकाइ स्तरको आधारमा शिक्षण गर्न शिक्षकहरूलाई मदत पुग्ने, विद्यार्थीहरूको कमजोरीको क्षेत्र पहिचान गरी थप/विशेष शिक्षण पद्धति अवलम्बन गर्ने, विद्यार्थीमा अन्तरनिहित प्रतिभाको पहिचान गरी उजागर र विकासमा विशेष सहयोग प्रदान गर्ने साथै उपल्लो तह/कक्षामा कमसेकम न्यूनतम् सिकाइ उपलब्धिको साथ अपग्रेड गर्ने आधारको रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई लिइएको थियो । राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरेबमोजिम कक्षा १-३ मा १०० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन, कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ५० प्रतिशत आवधिक परीक्षा, कक्षा ६-७ मा ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षाको आधारमा निर्णयात्मक मूल्याङ्कन गर्ने रहेको छ ।

नियमित रूपमा पाठ्यक्रम परिमार्जनको क्रममा २०६२ सालमा प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा १-३),२०६५ सालमा प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा ४-५) र २०६८ सालमा निम्न माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ६-८) कार्यान्वयनमा ल्याइएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूपले निर्धारण गरे बमोजिम कक्षा १-७ को परिमार्जित पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनको आधार तय गरिएको छ । पाठ्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखीकरण तालिममा सहभागी हुने शिक्षकहरूलाई उक्त कक्षाको निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी सम्पर्क शिक्षकको रूपमा तोकी विद्यालयका अन्य शिक्षकमा सोको सञ्चार र प्रभावकारी कार्यान्वयनको जिम्मेवारी प्रदान गर्ने गरिएको छ ।

प्राथमिक र निम्न माध्यमिक तहको पाठ्यक्रमको अनिवार्य अङ्गको रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी खण्ड राखिएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका आधार, तरिका, मापनको आधार र मूल्याङ्कनबाट प्राप्त नतिजाको विश्लेषण साथै उपयोग सम्बन्धमा समेत स्पष्ट व्याख्या भएको छ ।

विद्यालय क्षेत्र सुधार कार्यक्रममार्फत विद्यालयहरूले विद्यार्थीहरूको व्यक्तिगत प्रोफाइल तयार गर्न, निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम व्यवस्था गर्न, शिक्षक अन्तरक्रिया गर्न, अभिलेख राख्न लगायतका

व्यवस्थापनको लागि बजेट व्यवस्था गरेको थियो र कक्षा १ मा नयाँ भर्ना आउने विद्यार्थीको प्रोफाइल तयारी र विद्यालयमा निरन्तर विद्यार्थी सम्बन्धी अभिलेख व्यवस्थापनको लागि नियमित रूपमा बजेट व्यवस्था अद्यावधि रहेको छ ।

शिक्षामा गुणस्तर सुधारको महत्त्वपूर्ण रणनीतिको रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन र प्रभावकारिता अभिवृद्धिका लागि यस अवधिमा थुप्रै बजेट व्यवस्था भए, केन्द्र/क्षेत्र/जिल्ला/स्रोत केन्द्र तहमा प्रशस्त तालिम सञ्चालन भए, प्रशस्त स्रोत सामग्री तथा सन्दर्भ सामग्रीहरू प्रकाशन र वितरण भएका छन्, निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन सम्बन्धी अध्ययन गर्न प्रशस्त अनुगमन भएका छन्, प्रशस्त अनुसन्धान भएका छन् र सुझाव प्रस्तुत भएका पनि छन् ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको लक्ष्य सिकाउनबाट सिक्न उत्प्रेरित गर्नु हो । शिक्षकलाई अद्यावधिक हुन र विद्यार्थीलाई सक्रिय हुन अभिप्रेरित गर्नु हो । शिक्षक विद्यार्थीको नियमिततामा सुधार गर्नु हो । शिक्षण कार्यलाई अनुसन्धानमूलक र सिकाइलाई खोजपूर्ण बनाउनु हो । सिकारुका रुचि र आवश्यकता पहिचान र सोहीबमोजिम शिक्षण गर्नु हो । सिकाइका प्रत्येक तहलाई न्यूनतम् रूपमा हासिल गर्दै अघिल्ला सिकाइका क्षेत्रमा प्रवेश गर्न उत्प्रेरणा प्रदान गर्नु हो ।

आवधिक परीक्षा प्रणालीअन्तर्गत १ वा २ वा ३ घण्टाको परीक्षा अवधिमा विद्यार्थीको उपस्थितिको अनिवार्यता, वर्षभर अध्ययन गरेको विषय स्मरणको वाध्यता, व्यावहारिक एवम् अभिवृत्तिगतभन्दा सैद्धान्तिक र लेखन पक्षमा प्राथमिकता जस्ता पक्षले विद्यार्थीको व्यक्तिगत, पारिवारिक, सामाजिक, आर्थिक, भौगोलिक, सांस्कृतिक लगायतका विविध कठिनाइका पक्षमा ध्यान पुऱ्याउन नसकी सिकाइलाई औपचारिक कठघराको कसीमा मात्र मापन गर्न खोज्नुले वास्तविक, व्यवहारिक, औचित्यपूर्ण हुन नसकेको यथार्थ भित्र निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिको व्यवहारिक, मनोवैज्ञानिक, अर्थपूर्ण, वास्तविक र सुधारात्मक पद्धति स्थापना गर्न कोसिस भएको हो ।

स्वभाविक रूपमा शिक्षकमा पाठ्यक्रम र पाठ्य वस्तुको ज्ञान हुनु जरुरी छ । पाठ्यक्रम परिमार्जनको सन्दर्भ, आवश्यकता र विषय बोध हुनु जरुरी छ । साँच्चै भन्नुपर्दा शिक्षकहरूले वर्षौं अध्यापनको क्रममा भोगेका अनुभव, परिवर्तित समय र समाजको आवश्यकता, शिक्षण र शिक्षाको प्रभावस्वरूप समाजमा आएको परिवर्तन र उक्त परिवर्तनले माग गरको भविष्य, भविष्यप्रतिको दूरदृष्टि र सोको व्यवस्थापनमा सक्षम हुने शिक्षा व्यवस्थापनको पृष्ठभूमिमा नै पाठ्यक्रम परिमार्जन हुने हो । तसर्थ शिक्षक पाठ्यक्रम परिवर्तन/परिमार्जनप्रति अद्यावधिक एवं जानकार हुनुभन्दा पनि स्रोत नै हुनुपर्ने स्वभाविक पक्ष हो ।

पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलब्धि विद्यार्थीमा हासिल भए नभएको सम्बन्धमा दिनहुँ, महिनौं वा वर्षौं अध्यापन गरेका शिक्षकलाई जानकारी हुन्छ र हुनु पनि पर्छ । विद्यार्थीको व्यक्तिगत, पारिवारिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौगोलिकलगायत समग्र पृष्ठभूमिप्रति शिक्षक जानकार रहन्छ । यिनै पृष्ठभूमिमा आधारित रहेर र पाठ्यक्रमका सिकाइ उपलब्धिको प्राप्तिको अवस्थालाई

आधार मानी एउटा नियमित, सजग र सक्षम शिक्षकले सरल र सहज रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन फाराममा रेजा लगाउन सक्छ । एउटा एकाइ वा कुनै पनि सिकाइ उपलव्धि प्राप्त भएपछि लगाइने रेजा, मासिक रूपमा गरिने रेजा विश्लेषण र त्रैमासिक र वार्षिक रूपमा हुने मापनीय आधार तय गर्न खासै बोझिलो हुने देखिँदैन ।

जो आफू सिक्न सक्दैन, उसले सिकाउन पनि सक्दैन । जो आफू विद्यार्थी बन्न सक्दैन, ऊ शिक्षक बन्न सक्दैन । यी र यस्ता मननीय भनाइहरूले शिक्षक निरन्तर अध्ययनशील हुनुपर्छ, विभिन्न नयाँ नयाँ ज्ञान, सिपको खोजी गरी सिक्न सक्नुपर्छ, समयानुकुल आएका नवीनतम् विषय, सिपप्रति जानकार रहनुपर्दछ तबमात्र नयाँ जमाना वा समसामयिक विद्यार्थीहरूलाई उनीहरूको बिसौं, तिसौं वा पचासौं वर्षपछि समेत समायोजन हुनसक्ने, अद्यावधिक भइरहन सक्ने, निरन्तर अध्ययन गरिरहनसक्ने, खोज र अध्ययनप्रति जिज्ञासु विद्यार्थी उत्पादन गर्न सक्दछ । निरन्तर अध्ययनशील शिक्षकलाई परिवर्तित पाठ्यक्रम, पाठ्य वस्तु एवम् पाठ्य वस्तु प्रस्तुतिका लागि आवश्यक र उपयोगी प्रक्रिया र सन्दर्भ सामग्रीको बारेमा ज्ञान एवम् जानकारी हुन सक्छ । तब मात्र विद्यार्थीको निरन्तर रूपमा प्रत्येक पल, प्रत्येक कक्षा, प्रत्येक एकाइ वा प्रत्येक वर्षमा सही किसिमले मूल्याङ्कन गर्न सक्छ । तसर्थ निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति विद्यार्थीको सिकाइ स्तरको साथै शिक्षकको शिक्षण र अद्यावधिक स्तरको समेत निरन्तर मूल्याङ्कन गर्ने पद्धतिको रूपमा बुझ्न सकिन्छ । यस कारणले निरन्तर विद्यार्थी मूल्याङ्कन र सोको नतिजाको उपयोगबाट शिक्षाको गुणस्तर अभिवृद्धि हुन सक्छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयनका माथि उल्लिखित औचित्य, उद्देश्य, लगानी एवम् व्यवस्थापनका वावजुद विद्यालयहमा कार्यान्वियन पक्ष सोचे अनुरूप परिवर्तनको अवस्था देख्न नसकिएको तीतो यथार्थ रहेको छ । कतिपय प्रधानाध्यापक, सम्पर्क शिक्षक, विषय शिक्षकहरूबाट निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धमा जानकारी लिने, सन्दर्भ सामग्री अध्ययन गर्ने, सहज र सरल कार्यान्वयनका तरिका खोजी गर्ने र कार्यान्वयन प्रयास गरेको देखिन्छ । तथापि बहुसंख्यक विद्यालयहरूमा आंशिक, न्यून वा शून्य प्रयोगको अवस्था देखिएको छ । एकपटक विद्यार्थी प्रोफाइल तयार गरेपछि वार्षिक रूपमा अद्यावधिक नगर्ने, विद्यार्थी प्रोफाइलको पुरा विवरण नभर्ने, सही विवरण नभर्ने, सिकाइ उपलव्धि हासिल गरेको आधारमा रेजा लगाउने रुजु सूची र विद्यार्थी प्रोफाइलबिचमा जानकारी नभएको, पाठ, एकाइका सिकाइ उपलब्धि सम्बन्धमा जानकारी नभएको, १ वा २ वा ३ वटा रेजा लगाउने आधार बारेमा जानकारी अध्यावधिक नगरेको, अनुगमन हुने जानकारी भएमा रेजा लगाउने गरेको, मासिक वा वार्षिक रूपमा रेजा लगाउने गरेको, एकै कक्षाका एक भन्दा बढी विषय पढाउने शिक्षकले सबै विषयको प्रतिनिधिका रूपमा रेजा लगाउने गरेको, मूल्याङ्कन फाराम वर्षौंसम्म दराजमा थन्किएको, बर्सेनि आवश्यक पर्ने नयाँ विद्यार्थीका लागि आवश्यक फाराम व्यवस्था नभएको, अभिलेखबिना नै वर्षको अन्तमा क, ख वा ग श्रेणीमात्र दिइएको, निरन्तर मूल्याङ्कन अभिलेख फाराम भरेर पनि त्रैमासिक र वार्षिक परीक्षा लिई सोको आधारमा मात्र निर्णयात्मक मूल्याङ्कन गरेको आदि जस्ता अव्यवस्थित अवस्था प्रशस्तै देखिन्छ । (अनुगमनका क्रममा देखिएको अवस्था)

नियमित, व्यवहारिक, वास्तविक मूल्याङ्कन गरी आवश्यक पृष्ठपोषण र सिकाइ सहयोग प्रदान

गर्दै बालबालिकाहरूलाई सिकाइप्रति उत्प्रेरणा जगाउने, विद्यालयप्रति सकारात्मक भावना जागृत गर्ने, भविष्यप्रति आशावादी हुन सिकाउने, बाल मैत्री शिक्षण, बाल मैत्री मूल्याङ्कन, निर्माणात्मक मूल्याङ्कन, निरन्तर पृष्ठपोषण प्रदान गर्ने निरन्तर विद्यार्थी मूल्याङ्कन प्रशस्तै लगानी र प्रयासका वावजुद प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

**प्रभावकारी कार्यान्वयन हुन नसक्नुका कारणहरू** (अनुगमनका क्रममा देखिएको अवस्थाका आधारमा विश्लेषण )

- ❖ निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिको कार्यान्वयनको लागि आधिकारिक निकायहरूबाट विद्यार्थी भर्ना भई न्यूनतम् ८० प्रतिशत हाजिरी भएमा उत्तीर्ण गर्नुपर्ने अनिवार्य जस्तै प्रावधान र निर्देशन गरिनुले सबै विद्यार्थी उत्तीण गर्नुपर्ने भन्ने अवधारणात्मक बुझाइ र शिक्षण सिकाइ भन्दा उत्तीर्ण गर्ने पक्षमा सबैको ध्यान जानु ।
- ❖ निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति पद्धति लागु र कार्यान्वयन गर्ने क्रममा न्यूनतम् योग्यता र तालिमप्राप्त शिक्षक व्यवस्था भइसकेको अवस्थामा न्यूनतम् ८० प्रतिशत उपस्थिति भएमा विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गर्न सक्छन् भन्ने मनोगत अनुमानमा नेपालको भौगोलिक अवस्था, मौसमी अवस्था, अभिभावकको चेतनास्तर र बालबालिकाको अध्ययन प्रतिको चासो, शिक्षकको नियमितता, शिक्षकहरूको शिक्षणप्रतिको लगाव, शिक्षकहरूमा विद्यमान ज्ञान, सिपको अवस्था, विद्यालयमा हुने राजनीतिक, साङ्गठनिक कार्यक्रम, शिक्षकहरूमा पाठ्क्रम, पाठ्य वस्तुप्रतिको अद्यावधिकता, कायम रहेको मूल्याङ्कन पद्धतिमा रहेको यथास्थितिपनको विद्यमान, सिकाइ वातावरणको अवस्था, विद्यालय अनुगमनको अप्रभावकारिताको अवस्थाको वास्तविक आँकलन गर्न नसकिएको देखिन्छ ।
- ❖ केन्द्रीय निकायहरूबाट गरिने अनुगमन कार्य पर्यटकीय खालको हुनु, जसबाट विद्यालयको यथार्थ अवस्थाको अध्ययन, विश्लेषण र सुधारमा ख्याल नहुनु ।
- ❖ जि.शि.का., स्रोत केन्द्रबाट गरिने अनुगमन तथ्याङ्कमा आधारित हुनु जसबाट कक्षा शिक्षण, शिक्षण सिकाइको अवस्था विश्लेषण, समस्या पहिचान, पृष्ठपोषण र सुधारका साथै प्रोत्साहन, दण्ड पुरस्कारमा आधारित नहुनु ।
- ❖ प्रधानाध्यापक व्यवस्थापकीय झन्झटमा अल्मलिनु, शिक्षकको कार्य सम्पादन र विद्यार्थीको सिकाइस्तरको आँकलन र मूल्याङ्कनबाट शिक्षकलाई पृष्ठपोषण दिन नसक्नु, सक्षम नहुनु, हैसियत नहुनु आदि ।
- ❖ विशेषतः सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका अभिभावक श्रमजीबी वर्ग, निरक्षर वर्ग, चेतनास्तर कमजोर भएको वर्ग, बालबालिकाको अध्ययनस्तर भन्दा नियन्त्रणमा ध्यान दिनुपर्ने बाध्यात्मक वर्ग भएकोले अभिभावकको चासो, स्तर र समयको कारणले कमजोर विश्लेषणात्मक अवस्था ।
- ❖ तुलनात्मक रूपले उच्च अङ्क, उच्च नतिजा ल्याउन सफल संस्थागत विद्यालयहरूले निरन्तर

विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयन गर्नु पर्ने वा नपर्ने, गराउनु पर्ने वा नपर्ने सम्बन्धमा कुनै चासो नलिइनु, संस्थागत विद्यालयमा निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति कार्यान्वयन भए नभएको सम्बन्धमा नियमन नहुनु, नभएकामा नियन्त्रण र सहजीकरण नहुनुले बालबालिकाको मूल्याङ्कनको लागि वा शिक्षक वा कार्यान्वयन निकायको बाध्यात्मक अवस्था हो भन्ने सम्बन्धमा स्पष्ट नीतिगत दृष्टिकोण शिक्षा मन्त्रालय, विभागसँग नभएको अवस्था ।

❖ शिक्षकहरूमा पाठ्यक्रम र सिकाइ उपलब्धिप्रतिको अनभिज्ञता, पाठ्यक्रम/शिक्षक निर्देशिका/सन्दर्भ सामग्री अध्ययनशीलताको कमी, बालबालिकाको रुचि/क्षमता/आवश्यकता विश्लेषण क्षमताको कमी, अनुसन्धानात्मक एवं खोजपूर्ण शिक्षण कार्यको अभाव ।

❖ केन्द्र, क्षेत्र, जिल्ला हुँदै स्रोत केन्द्रस्तरमा हुने तालिमको cascade model को अवगुणमध्येको विषय वस्तुको चुहावट, अवधारणागत ज्ञानको कमी, तालिमका सहभागीहरूले विषय वस्तु भन्दा सेवा सुविधामा ध्यान दिने प्रवृत्ति, तालिममा उपस्थिति भन्दा हाजिरीप्रतिको ध्येय, तालिम सामग्रीको व्यवहारिक र प्रयोगात्मक अध्ययन, प्रशिक्षण भन्दा वितरणात्मक कार्यमा ध्यान आदि कारणले विद्यालय तहमा अवधारणात्मक अस्पष्टता र सतही हल्लामात्र आइपुग्नु ।

❖ विद्यालय वातावरण तथा शिक्षण सिकाइ क्रियाकलाप बाल मैत्री, सिकाइ मैत्री, सिकाइ केन्द्रित, सिकाइ उपलब्धि उन्मुख, पाठ्यक्रम निर्देशित हुन नसकेकोले बालबालिकाहरू विद्यालयप्रति आकर्षण नहुनु ।

❖ शिक्षण सिकाइमा पाठ्यक्रमले निर्धारण गरेका प्रयोगात्मक र व्यवहारिक पक्षको कार्यान्वयन नगरिनु ।

❖ शिक्षण स्वभाविक रूपले अनुसन्धानात्मक पेसा भए तापनि शिक्षकबाट गरिने अनुसन्धानात्मक कार्यलाई प्राथमिकतामा राख्न नसकिनु, औपचारिकतामा सीमित रहनु, जसबाट शिक्षक सिर्जनात्मक र अध्ययनशील हुन नसक्नु ।

## भावी कार्यदिशा

❖ निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति सम्बन्धमा स्पष्ट आधारहरू तय गरी अभिमुखीकरण गर्ने ।

❖ निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नति सम्बन्धी नीति कार्यान्वयनमा प्रधानाध्यापकलाई बढी स्वायत्त, स्वतन्त्र र जिम्मेवार बनाउने ।

❖ निरन्तर विद्यार्थी मूल्याङ्कनको लागि पाठ्यक्रम विकास केन्द्रबाट तयार भएका रुजु सूची फाराम प्रयोग गर्ने क्रममा कतिपय जिल्लास्तर, स्रोतकेन्द्रस्तर वा विद्यालय स्तरमा फरक फरक ढाँचामा फाराम तयार गर्ने, सारांश गर्ने जस्ता कार्यले कार्यान्वयनमा अन्योलता रहेकोले पाठ्यक्रम विकास केन्द्रबाट अझ व्यावहारिक, स्पष्ट फाराम तयार गरी निर्देशन, व्याख्या गरी सरल, व्यावहारिक प्रयोग योग्य फाराम सबै विद्यालयले एकै किसिमले प्रयोग गर्न लगाउने ।

❖ समग्र शिक्षा पद्धतिलाई नै प्रभाव पार्ने मूल्याङ्कन पद्धतिलाई अनुगमनको महत्त्वपूर्ण

सूचकको रूपमा प्रयोग गर्नुपर्ने । स्रोत केन्द्र, जिल्ला, केन्द्रबाट हुने अनुगमनमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई एक अनिवार्य सूचकको रूपमा राखी कार्यान्वयनमा सहजीकरण र समस्या समाधानमा सरलीकरणमा सहयोग पु¥याउनुपर्ने ।

- ❖ निरन्तर विद्यार्थी मूल्याङ्कनको आधार मानिएका ५ पक्षहरू (कक्षा कार्य, परियोजना कार्य, सिर्जनात्मक कार्य, व्यवहार परिवर्तन र हाजिरी) का आधारमा लगाइने रेजा प्रत्येक पक्षमा वा सारांशमा भन्नेमा रहेको अन्योलले रुजु सूची फाराम प्रयोगमा कठीनाई रहेकोले सारांश फाराम प्रयोग गर्नुपर्ने, रेजा लगाउने आधार स्पष्ट व्याख्या गर्नुपर्ने, सिकाइ भए नभएको सम्बन्धमा अझ वस्तुनिष्ठ आधार तय गर्नुपर्ने जसबाट सिकाइ उपलब्धि प्राप्तिमा सहयोग र पृष्ठपोषण प्राप्त हुन सकोस् ।
- ❖ कक्षा शिक्षणलाई बढी व्यवहारिक, जीवन सापेक्ष, सिकाइ केन्द्रित, बाल मैत्री बनाउने सम्बन्धमा शिक्षक तालिम कार्यमा पुनरवलोकन गर्नुपर्ने ।
- ❖ शिक्षक तालिम, प्रशिक्षक प्रशिक्षणलगायतका कार्यहरू औपचारिकतामा सीमित रहनु (तपाइँ ग्याजुयटहरू सामग्री अध्ययन गरेपछि बुझ्नुहुन्छ, तालिम राम्रोसँग सञ्चालन गर्नुहोला, कक्षामा राम्रोसँग प्रयोग गर्नुहोला आदि - प्रायःजसो तालिममा प्रयोग हुने वाक्यांश, (आफ्नै अनुभवका आधारमा) । औपचारिकतामा सीमित तालिम कार्यक्रमबाट कुनै परिवर्तन हुन नसक्ने हुनाले केन्द्र, क्षेत्र, जिल्लास्तरमा हुने प्रशिक्षक प्रशिक्षण र शिक्षक तालिम कार्यलाई विषय केन्द्रित, समस्या समाधानमूलक, व्यवहारिक, प्रयोगात्मक, सुधारात्मक गराउनुपर्ने ।
- ❖ प्रत्येक शिक्षक, प्रधानाध्यापक, विद्यालय निरीक्षक र विद्यालय अनुगमनकर्तासँग विद्यालय तहको पाठ्यक्रम अनिवार्य हुनुपर्ने, व्यक्तिगत (पेसागत) डायरीको रूपमा पाठ्यक्रम साथमा रहने र प्रयोग गर्ने अनिवार्यता हुने खालको वातावरण तय गरी पाठ्यक्रम केन्द्रित शिक्षण र अनुगमन कार्यलाई प्राथमिकता दिने ।
- ❖ स्थायी शिक्षकका लागि कार्य सम्पादन मूल्याङ्कनमा औपचारिकतामा सीमित गरिएको कार्यमूलक अनुसन्धान कार्यलाई विस्तार गरी प्रत्येक शिक्षकले वर्षभरिमा कम्तीमा ३ देखि ५ विषयमा कार्यमूलक अनुसन्धान गर्नुपर्ने र सो मध्ये १ विषय पाठ्यक्रम वा विद्यार्थी मूल्याङ्कन सम्बन्धी हुनुपर्ने कुरालाई अनिवार्य गर्ने । कार्यमूलक अनुसन्धानको व्यक्तिगत अभिलेख व्यवस्थित गरी त्यसलाई वृत्ति विकासको आधार बनाउने व्यवस्थागर्ने ।
- ❖ निरन्तर विद्यार्थी मूल्याङ्कनको अभिलेखलाई बढी स्पष्ट, सरल, व्यवहारिक बनाई अभिभावकलाई जानकारी गराउने, सो सम्बन्धमा निरन्तर परामर्श, छलफल गर्ने र सुधारका लागि वातावरण तयार गर्ने ।

## निष्कर्ष

विद्यार्थी मूल्याङ्कन शैक्षिक प्रणालीको अभिन्न अङ्ग हो । निरन्तर विद्यार्थी मूल्याङ्कनको लक्ष्य सिकाउनबाट सिक्न उत्प्रेरित गर्नु हो । शिक्षकलाई अध्यावधिक हुन र विद्यार्थीलाई सक्रिय हुन अभिप्रेरित गर्नु हो । शिक्षक विद्यार्थीको नियमिततामा सुधार गर्नु हो । शिक्षण कार्यलाई अनुसन्धानमूलक

र सिकाइलाई खोजपूर्ण बनाउनु हो । सिकारुका रुचि र आवश्यकता पहिचान र सोहीबमोजिम शिक्षण गर्नु हो । सिकाइका प्रत्येक तहलाई न्यूनतम रूपमा हासिल गर्दै अघिल्ला सिकाइका क्षेत्रमा प्रवेश गर्न उत्प्रेरणा प्रदान गर्नु हो । निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको नियमित लेखाजोखा र सोको आधारमा पृष्ठपोषण प्रदान गर्दै विद्यालयप्रति आकर्षण र विश्वासमा अभिवृद्धि गर्दछ । सरल र व्यावहारिक मूल्याङ्कन र सोका आधारमा निर्धारित सिकाइ उपलब्धि प्राप्तिका लागि विद्याथीलाई आवश्यक पृष्ठपोषण र सिकाइ सहयोग प्रदान गर्दै न्यूनतम सिकाइ हासिल हुने वातावरण तयार गर्न र सकारात्मक मनोवैज्ञानिक प्रभावका साथ कक्षोन्नति हुने वातावरण निर्माण गर्न सघाउ पुऱ्याउन निरन्तर विद्यार्थी मूल्याङ्कन र उदार कक्षोन्नतिका लागि विशेषतः शिक्षक सजग र संवेदनशील हुनु जरुरी छ । यसबाट विद्यार्थी सक्रियता र सिर्जनात्मकतामा वृद्धि गर्दै सिकाइ उपलब्धि वृद्धिका साथ शैक्षिक गुणस्तर सुधारमा टेवा पुग्छ । यसका लागि सरल र सहज कार्यान्वयन वातावरण, सबै सरोकारवालामा सचेतता र प्रतिबद्धता आवश्यक छ ।

## सन्दर्भ सामग्री

पाठ्यक्रम विकास केन्द्र (२०६३), **प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा १–३)**, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), **प्राथमिक शिक्षा पाठ्यक्रम (कक्षा ४–५)**, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र, (२०६८), **निम्न माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ६–८)**, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र, (२०६३), **राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३**, भक्तपुर ।